# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०७९ फाल्गुन १२ गते , २०७९ साल

# भाग- २

**बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक**

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नर्म्स सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिकाको**

**सूचना प्रविधि प्रणाली विकासको लागत अनुमान सम्बन्धी नर्म्स २०७९**

# बेथानचोक गाउँपालिकाको

# सूचना प्रविधि प्रणाली विकासको लागत अनुमान सम्बन्धी नर्म्स २०७९

प्रस्तावना : सूचना प्रविधिको उपयोग गरी E-Governance लाई प्रवर्दन गर्न बेथानचोक गाउँपालिकाले सफ्टवेयर प्रणालीको उपयोग र विकासको लागत अनुमान सम्बन्धी नर्म्स तयार गर्न बाञ्छनीय भएकोले,

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ , बेथानचोक गाउँपालिकाको सुशासन (व्यबस्थापन तथा संचालन कार्यविधि ) २०७७ , परिच्छेद १० ले दिएको अधिकार प्रयोग गरी यो नर्म्स (Norms) बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नर्म्सको नाम "बेथानचोक गाउँपालिकाको सूचना प्रविधि प्रणाली विकासको लागत अनुमान सम्बन्धी नर्म्स २०७९" रहेको छ।

(२) यो नर्म्स तुरुन्त प्रारम्भहुनेछ ।

**२. शैक्षिक योग्यता, अनुभव र पारिश्रमिकको निर्धारणः** बेथानचोक गाउँपालिकाको लागि सफ्टवेयर प्रणाली विकास तथा परामर्श सेवा लिने क्रममा प्रयोग हुने सम्भावित जनशक्तिको शैक्षिक योग्यता, अनुभव र पारिश्रमिकको निर्धारण तालिका बमोजिम हुनेछ।

| S.No | Expert Category | Minimum Qualification | Experience | NPR Rate per Month |
|---|---|---|---|---|
| 1 | Team Leader / Project Manager | Masters Degree In IT | 5 years | 222453 |

| | | | | |
|---|---|---|---|---|
| 2 | ICT Expert | Bachelor Degree in IT | 2 Years | 182657 |
| 3 | Senior Developer (IOS /Android) | Bachelor Degree in IT | 5 Years | 155223 |
| 4 | Developer (IOS /Android) | Bachelor Degree in IT | 2 years | 100501 |
| 5 | Senior Web Developer | Bachelor Degree in IT | 5 Years | 126045 |
| 6 | System Architect | Bachelor Degree in IT | 2 years | 155223 |
| 7 | Database Designer | Bachelor Degree in IT | 2 years | 92829 |
| 8 | UI/UX | Bachelor Degree in IT | 2 years | 90520.83 |
| 9 | Quality Assurance Analyst | Bachelor Degree in IT | 2 years | 87315 |
| 10 | Capacity Building and Training Expert | Bachelor Degree in IT | 2 years | 87000 |
| 11 | Video Editor | - | 2 years | 100000 |

१. सफ्टवेयर प्रणालीको प्रकृति अनुसार माथिको तालिकामा उल्लेख भएका विभिन्न जनशक्तिहरु मध्ये आवश्यकतानुसार उपयुक्त जनशक्तिको छनौट गर्नुपर्नेछ। सो वाहेकको कुनै जनशक्ति आवश्यक पर्ने भएमा तालिका १ मा उल्लेख भएका विभिन्न जनशक्तिहरुसँग मिल्दोजुल्दो जनशक्तिको पारिश्रमिक छनौट गरी लागत अनुमान तयार गर्न सकिनेछ।

२. सफ्टवेयर प्रणालीको वार्षिक मर्मतसम्भारको लागि आवश्यक जनशक्तिको लागत निर्धारण गर्दा सफ्ट्वेयर प्रणाली विकास गर्दा लागेको खुद लागतको २० प्रतिशतले हुन आउने रकममा नबढ्ने गरी लागत अनुमान गर्नुपर्नेछ।

३.यो नर्म्स गाउँपालिकाको कार्यक्षेत्रभित्र सञ्चालन हुने सबै सूचना प्रविधि (ICT) सम्बन्धी कार्यक्रम, परियोजना तथा प्रणालीहरूमा लागू हुनेछ।

४.डिजिटल नेपाल फ्रेमवर्क  २०७६ बमोजिम यस गाउँपालिकामा  निम्न अनुसारका सूचना प्रविधि क्षेत्रलाई प्राथमिकताका रूपमा प्रयोग र प्रवर्दन गरिनेछः

(क) डिजिटल शासन (e-Governance)

(ख) डिजिटल पूर्वाधार विकास (Digital Infrastructure)

(ग) डिजिटल शिक्षा (Digital Education)

(घ) डिजिटल स्वास्थ्य (Digital Health)

(ङ) डिजिटल कृषि (Digital Agriculture)

(च) डिजिटल वित्त तथा डिजिटल भुक्तानी (Digital Finance)

(छ) साइबर सुरक्षा तथा डेटा संरक्षण (Cyber security and Data Security)

(ज) उद्यम, रोजगारी र नवप्रवर्तनमा ICT

(झ) न्यायिक समितिमा सूचना प्रविधि

४. गाउँपालिकामा कार्यान्वुन गरिने सूचना प्रविधि प्रणाली , सफ्टवेयर विकास , परिमार्जन , विस्तार तथा मर्मत- सम्भार सम्बन्धी लागत अनुमान  गाउँकार्यपालिकाबाट स्वीकृत गरिनेछ  ।

५. प्रयोगमा रहेको सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरुलाई समयानुकूल , सुरक्षित र प्रभावकारी बनाउन आवश्यक ठानेमा गाउँपालिकाको निर्णय अनुसार  समय-समयमा सफ्टवेयर अद्यावधिक (Update/Upgrade) गर्न सकिनेछ  ।

आज्ञाले

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत